सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

**आदेश**

०७८-WO-००६४

मुद्दाः उत्प्रेषण समेत ।

लेखराज भट्ट ........................................................ १ निवेदक

**विरूद्ध**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) केन्द्रीय कार्यालय, काठमाडौं समेत प्रत्यर्थी

आज प्रारम्भिक सुनुवाईका लागि पेश भएको प्रस्तुत विवादमा निवेदक तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, डा. श्री सुरेन्द्र भण्डारी, श्री विजयकान्त मैनाली र श्री सुरेन्द्रकुमार महतो तथा विद्वान् अधिवक्ताहरू श्री ईश्वरी प्रसाद भट्टराई, श्री रमेश वडाल, श्री रामबहादुर शाह र श्री दलबहादुर धामी एवं प्रत्यर्थी तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री मुक्तिनारायण प्रधान, श्री रमणकुमार श्रेष्ठ तथा विद्वान् अधिवक्ताहरू डा. श्री दिनमणी पोखरेल र श्री मुकुन्द न्यौपानेले गर्नुभएको बहस समेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारण सहित बाटोको म्याद बाहेक सूचना म्याद पाएका मितिले १५ दिनभित्र प्रत्यर्थी नं. २, ३, ४ र ८ ले महान्यायाधिवक्ताको कार्यालय मार्फत र प्रत्यर्थी नं. १, ५, ६ र ७ ले आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक/एक प्रति प्रतिलिपी समेत साथै राखी प्रत्यर्थीहरुका नाममा म्याद सूचना

Scanned with CamScanner

जारी गरी तामेल गराई म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेश गर्नू।

रिट निवेदकले अन्तरिम आदेश जारी गरी पाउँ भनी निवेदन माग गर्नु भएको सन्दर्भमा हेर्दा निवेदक श्री लेखराज भट्टलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३१ र दफा ३२(१)(ख) का आधारमा प्रतिनिधि सभाको सदस्य पदबाट पदमुक्त गरिएको देखियो। निजले दल त्याग गरेको जानकारी प्रतिनिधि सभाको मिति २०७७/१२/२६ को बैठकमा दिइएको समेत पाइयो। पदमुक्त गर्दा सुनुवाईको मौका प्रदान नगरिएको भन्ने निवेदन जिकिर रहेको सन्दर्भमा हेर्दा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३२ को उपदफा (३) मा सुनुवाईको मौका प्रदान गर्नु पर्ने व्यवस्था गर्दा "उपदफा (२) बमोजिम" भन्ने उल्लेख भएको र उपदफा (२) मा "दफा २८ को उपदफा (३) बमोजिमको विवरण प्राप्त भएपछि" भन्ने वाक्यांश उल्लेख भएको देखिन्छ। यो दफा २८ को उपदफा (३) ले दलको निर्देशन (ह्वीप) को पालना नगरिएको अवस्थालाई जनाएको देखिन्छ। सो बाहेकको अवस्थामा सुनुवाईको मौका प्रदान गर्ने प्रकृयागत कुराहरु विचारणीय विषय बनेको छ। यसका अतिरिक्त निवेदकलाई सुनुवाईको मौका प्रदान गरिएको, निजलाई लेखिएको पत्र मिति २०७७/१२/२ मा निज कार्यरत मा. मन्त्रीको सचिवालयमा बुझाएको र सचिवालयको छाप लगाई बुझेको कुराको छायाँप्रति समेत प्रत्यर्थी तर्फबाट आज यस ईजलास समक्ष पेश हुन आएको पाइयो। तर निवेदंकले कुनै स्पष्टीकरण पेश गरेको पाइएन। त्यसैले सुनुवाईको अवसर नै प्रदान गरिएको थिएन भन्न मिल्ने अवस्था पनि देखिदैन।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीद्वारा २०७७ चैत १३ मा प्रमाणित भएको भनिएको *"अन्तरपार्टी निर्देशन – ९"* भन्ने कागजको प्रतिलिपी भनी प्रत्यर्थी तर्फबाट ईजलास समक्ष पेश हुन आएको समेत पाइयो। पेश हुन आएको उक्त लिखत हेर्दा निज रिट निवेदक नेपाल कम्युनिष्ट पार्टी (एमाले) को सदस्य भएको र सो दल सम्बध्द दलीय भूमिकामा संलग्न रहेको भनी उल्लेख भएको तथ्य खुल्न आएको देखियो। निवेदकले दल त्याग गरेको जानकारी प्रतिनिधि सभाको मिति २०७७/१२/२६ को बैठकमा नै दिइएको तथा मिति २०७८/१/३ मा पुनर्गठित मन्त्रिमण्डलमा निवेदक समेत सामेल रहेको भई यस अदालतबाट मिति २०७८/२/६ मा जारी भएको अन्तरिम

Scanned with CamScanner

आदेशको परिणामस्वरुप निज मन्त्री पदबाट मुक्त भएको समेत देखिन्छ। यस अवस्थामा राजनीतिक दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले आफ्नो विवेक वा तजविज प्रयोग गरी दल त्याग सम्बन्धमा गरेको निर्णयको औचित्य वा अन्तरबस्तुमा प्रवेश गरी समग्र तथ्यगत सन्दर्भहरुको विश्लेषण गरेर अहिले अन्तरिम आदेशकै सन्दर्भमा प्रश्नहरुको निरुपण गर्नु मनासिव देखिदैन। सुविधा सन्तुलन समेतका दृष्टीले हेर्दा अन्तरिम आदेश जारी गर्नु मनासिव देखिन आएन। निवेदकले उठाउनु भएका राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३२ बमोजिमको अधिकार प्रत्यायोजन हुन सक्ने वा नसक्ने भन्ने लगायतका अन्य समग्र कानूनी प्रश्नहरुको निरुपण अन्तिम सुनुवाईको अवस्थामा नै हुनु मनासिव भएकाले अहिले निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी गर्न मिलेन। अरु नियमानुसार गर्नू।

न्यायाधीश

इति संवत् २०७८ साल साउन १८ गते रोज २ शुभम् ........।

Scanned with CamScanner

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

मानननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

आदेश

०७८-WO-००६७

मुद्दाः- उत्प्रेषणसमेत।

प्रभु साह........................................................................................१ निवेदक

विरूद्ध

निर्वाचन आयोग, कान्तिपथ, काठमाण्डौ समेत.......................................६ प्रत्यर्थी

आज प्रारम्भिक सुनुवाईका लागि पेश भएको प्रस्तुत विवादमा निवेदक तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री उपेन्द्रकेशरी न्यौपाने, श्री विजयकान्त मैनाली र श्री सुरेन्द्रकुमार महतो तथा विद्वान् अधिवक्ताहरू श्री वीरेन्द्रप्रसाद साह, श्री ईश्वरी प्रसाद भट्टराई, श्री उमेश प्रसाद र श्री नागेन्द्र यादव एवं प्रत्यर्थी तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री मुक्तिनारायण प्रधान, श्री रमणकुमार श्रेष्ठ तथा विद्वान् अधिवक्ता डा. श्री दिनमणी पोखरेलले गर्नुभएको वहस समेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारण सहित बाटोको म्याद बाहेक सूचना म्याद पाएका मितिले १५ दिनभित्र प्रत्यर्थी नं. १, २ र ३ ले महान्यायाधिवक्ताको कार्यालय मार्फत र प्रत्यर्थी नं. ४, ५ र ६ ले आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक/एक प्रति प्रतिलिपी समेत साथै राखी प्रत्यर्थीहरुका नाममा सूचना म्याद जारी गरी तामेल गराई म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू।

रिट निवेदकले अन्तरिम आदेश जारी गरी पाउँ भनी निवेदन माग गर्नु भएको सन्दर्भमा हेर्दा निवेदक श्री प्रभु साहलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३१ र दफा ३२(१)(ख) का आधारमा प्रतिनिधि सभाको सदस्य पदबाट पदमुक्त गरिएको

Scanned with CamScanner

देखियो। निजले दल त्याग गरेको जानकारी प्रतिनिधि सभाको मिति २०७७/१२/२६ को बैठकमा दिइएको समेत पाइयो। निवेदकलाई सुनुवाईको मौका प्रदान गरिएको र निजले स्पष्टीकरण पेश गरेको समेत देखिन्छ। सुनुवाईको अवसर नै प्रदान गरिएको थिएन भन्न मिल्ने अवस्था देखिदैन।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीद्वारा २०७७ चैत १३ मा प्रमाणित भएको भनिएको *"अन्तरपार्टी निर्देशन – ९"* भन्ने कागजको प्रतिलिपी भनी प्रत्यर्थी तर्फबाट ईजलास समक्ष पेश हुन आएको समेत पाइयो। पेश हुन आएको उक्त लिखत हेर्दा निज रिट निवेदक नेपाल कम्युनिष्ट पार्टी (एमाले) को सदस्य भएको र सो दल सम्बध्द दलीय भूमिकामा संलग्न रहेको भनी उल्लेख भएको तथ्य खुल्न आएको देखियो। निवेदकले दल त्याग गरेको जानकारी प्रतिनिधि सभाको मिति २०७७/१२/२६ को बैठकमा नै दिइएको तथा मिति २०७८/१/३ मा पुनर्गठित मन्त्रिमण्डलमा निवेदक समेत सामेल रहेको भई यस अदालतबाट मिति २०७८/२/६ मा जारी भएको अन्तरिम आदेशको परिणामस्वरुप निज मन्त्री पदबाट मुक्त भएको समेत देखिन्छ। यस अवस्थामा राजनीतिक दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले आफ्नो विवेक वा तजविज प्रयोग गरी दल त्याग सम्बन्धमा गरेको निर्णयको औचित्य वा अन्तरवस्तुमा प्रवेश गरी समग्र तथ्यगत सन्दर्भहरुको विश्लेषण गरेर अहिले अन्तरिम आदेशकै सन्दर्भमा प्रश्नहरुको निरुपण गर्नु मनासिव देखिदैन। सुविधा सन्तुलन समेतका दृष्टीले हेर्दा अन्तरिम आदेश जारी गर्नु मनासिव देखिन आएन। निवेदकले उठाउनु भएका राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३२ बमोजिमको अधिकार प्रत्यायोजन हुन सक्ने वा नसक्ने भन्ने लगायतका अन्य समग्र कानूनी प्रश्नहरुको निरुपण अन्तिम सुनुवाईको अवस्थामा नै हुनु मनासिव भएकाले अहिले निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी गर्न मिलेन। अरु नियमानुसार गर्नू।

न्यायाधीश

इति संवत् २०७८ साल साउन १८ गते रोज २ शुभम् .......... ।

Scanned with CamScanner